चिलिमे जलविद्युत कम्पनी लिमिटेड
CHILIME HYDROPOWER COMPANY LIMITED
Dhumbarahi, Kathmandu.
P.I.No. 250/052/53

Ref. No. ८०८२/०८४-८५

PAN No. 500059898
मिति: २०८३/०५/११

श्री सरोकारवाला सवै ।

विषय: बाढी तथा प्राकृतिक विपत्तिबाट सिर्जित आपत्कालीन अवस्थामा आवश्यक सहयोग उपलब्ध गराइदिन अनुरोध सम्बन्धमा।

रसुवा जिल्लाको गोसाइँकुण्ड गाउँपालिका अन्तर्गत रहेको चिलिमे क्षेत्रमा हालै आएको भीषण बाढी तथा प्राकृतिक विपत्तिका कारण जनजीवन अत्यन्त प्रभावित भएको छ। उक्त विपत्तिबाट सडक सञ्जाल, विद्युत, पूर्वाधार, सञ्चार सेवा, स्थानीय बस्ती तथा अन्य सार्वजनिक संरचनाहरूमा गम्भीर क्षति पुगेको व्यहोरा अवगत नै छ ।

यसै क्रममा चिलिमे जलविद्युत कम्पनी लिमिटेडद्वारा सञ्चालित २२.१ मेवा क्षमताको चिलिमे जलविद्युत केन्द्रको पावरहाउस सुरुङ क्षेत्रमा कार्यरत रहेका ६ जना कर्मचारीहरू सम्पर्कविहीन भएको अवस्था रहेको छ। साथै चिलिमे जलविद्युत केन्द्रको विद्युतगृहमा पुर्ण रूपमा क्षति भै सञ्चालन हुने अवस्थामा रहेको छैन । साथै यस कम्पनीको अगुवाइमा स्थापना भएको रसुवागढी हाइड्रोपावर कम्पनी लि. अन्तर्गतको १११ मेवा क्षमताको रसुवागडी हाइड्रोपावर प्लान्ट पनि पुर्णरूपमा क्षति भएको व्यहोरा जानकारीका लागि अनुरोध छ । त्यस क्षेत्रमा आवतजावत, सञ्चार सम्पर्क तथा उद्धार कार्य सञ्चालन गर्नसमेत कठिनाइ उत्पन्न भएको छ। यस विषम परिस्थितिमा कम्पनी व्यवस्थापनकोतर्फबाट पावरहाउसमा फसेका कर्मचारीको उद्दार तथा त्यस क्षेत्रमा विजुली, सडक लगायतका पुर्वाधारहरूको मर्मत संभारका लागि पनि अधिकतम् प्रयासहरू भै रहेको व्यहोरा जानकारी हुन साथै तहाँबाट हुन सक्ने सहयोगको पनि अपेक्षा राख्दछौं ।

बोधार्थ तथा कार्यार्थ:

१) श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
२) श्री विद्युत विकास विभाग
३) श्री कम्पनि रजिष्टारको कार्यल
४) श्री नेपाल विद्युत प्राधिकरण
५) जिल्ला प्रशान कार्यालय, रसुवा
६) श्री राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण
७) श्री नेपाल धितोपत्र बोर्ड
८) श्री विद्युत नियमन आयोग
९) श्री नेपाल स्टक एस्चेञ्ज लिमिटेड

(बावुराजा महर्जन)
प्रबन्ध सञ्चालक

Corporate Office
Dhumbarahi, Kathmandu, NEPAL
Ph.No. +977 01 4370773 / 4370793
Fax : +977 01 4370720

Web : www.chilime.com.np
E-mail: chpcl@chilime.com.np